

# राष्ट्रिय स्वतन्त्र पार्टी

## वाचा पत्र

### आनन्द बहादुर चन्द, कैलाली-५

**संघीय संसदमा मेरो भूमिका**

- नीति, कार्यक्रम र बजेटमाथि तथ्यमा आधारित छलफल र संसदीय निगरानीमार्फत राज्यका स्रोत-साधन जनताको आवश्यकता अनुसार न्यायोचित रूपमा परिचालन गराउन जोड दिनेछु र सरकारलाई परिणाममुखी तथा जवाफदेही बनाउनेछु ।
- कैलाली-५ का समस्या, अपेक्षा र सुझाव संसदमा उठाई तिनलाई राष्ट्रिय नीति र बजेटसँग जोड्नेछु ।
- शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पूर्वाधार, युवा रोजगारी, सीप विकास, खेलकुद, विदेशबाट फर्केकाहरूको उद्यमशीलता, कृषि आधुनिकीकरण र स्थानीय उद्योग प्रवर्द्धनलाई प्राथमिकतामा राखी स्थानीय, प्रदेश र संघीय सरकारसँग सहकार्यसहित काम गर्नेछु ।

**१. स्वास्थ्य**

**क. सेती प्रादेशिक अस्पताल- दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय**

- सेती प्रादेशिक अस्पताल र दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई एकीकृत स्वास्थ्य-शिक्षा इकोसिस्टमका रूपमा विकास ।
- अस्पताल सेवा र क्लिनिकल अभ्यासको केन्द्र तथा विश्वविद्यालय अध्ययन, अनुसन्धान र जनशक्ति उत्पादनको केन्द्र निर्माण ।
- दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा एमबीबीएस तथा विशेषज्ञ चिकित्सा अध्ययन अध्यापन सुरुवात ।
- अनुसन्धानमा आधारित उपचार प्रणाली विकास गर्दै मुटु, मिर्गौला, क्यान्सर, जलन, सिकलसेल लगायतको विशिष्टीकृत उपचार सेवा सुरु ।
- कैलाली-५ लाई चिकित्सा शिक्षा र उपचार सेवाको केन्द्र निर्माण ।

**ख. आधुनिक तथा डिजिटल स्वास्थ्य प्रणाली**

- टेलिमेडिसिनमार्फत दुर्गम क्षेत्रका बिरामीलाई विशेषज्ञ परामर्श उपलब्ध गराउने ।
- एम्बुलेन्स सेवा, रक्तदाता प्राप्ति तथा रक्तदान डिजिटल प्रणालीबाट पहिचान गरी व्यवस्थित गर्ने ।
- अस्पतालको उपचार सेवा डिजिटल प्रणालीबाट सुलभ र पहुँचयोग्य बनाउने ।

**ग. सेती-गेटा केन्द्र अस्पताल र स्याटलाइट क्लिनिक नेटवर्क**

- सेती अस्पताल र गेटा मेडिकल कलेजलाई मुख्य केन्द्र अस्पताल बनाउँदै फूलबारी, गदरिया, उर्मा, भादा लगायत क्षेत्रमा स्याटलाइट क्लिनिक स्थापना गर्ने ।
- समुदायमै प्रारम्भिक परीक्षण, मातृ-शिशु सेवा र दीर्घरोग व्यवस्थापन उपलब्ध गराउने ।

**घ. जनस्वास्थ्य तथा आयुर्वेद**

- गर्भावस्थादेखि पाँच वर्षसम्म पोषण कार्यक्रम सञ्चालन ।
- प्रत्येक स्वास्थ्य संस्थामा नवजात शिशु हेरचाह, पोषण जाँच र परामर्श सेवा सबलीकरण ।
- किशोरी स्वास्थ्य, सुरक्षित मातृत्व र स्तनपान प्रवर्द्धन कार्यक्रम सुदृढ ।
- कैलाली- ५ मा जडिबुटी उत्पादन प्रशोधन केन्द्र स्थापना ।
- धनगढीमा रहेको आयुर्वेद चिकित्सालयलाई रिफलरल सेन्टरका रुपमा विकास ।
- क्यान्सरको कारकमध्ये एक सुर्तिजन्य पदार्थको प्रयोग घटाउन नेपाल सरकारले निर्माण गरेका कानुन कार्यान्वयन ।
- रोग लाग्न नदिनका लागि 'स्वस्थ धनगढी' अभियान सञ्चालन ।
- वडा नम्बर ३ मा पौने २९ करोड लागतमा बनेर अल्पत्र अवस्थामा रहेको होल्डिङ सेन्टरलाई विशेषज्ञ उपचार केन्द्र वा तालिम केन्द्रको रुपमा प्रयोग ।

**ङ. सिकलसेल र नसर्ने रोग**

- स्थानीय स्वास्थ्य संस्थामा नियमित सिकलसेल र थालेसेमिया स्क्रिनिङ अभियान सञ्चालन ।
- सिकलसेलका लागि उपलब्ध १ लाख रुपैयाँको कभरेज बढाएर जटिल र दीर्घकालीन उपचारमा पर्याप्त आर्थिक पहुँच सुनिश्चित ।
- समुदायमा सिकलसेल र थालेसेमिया सम्बन्धी जागरुकता अभियान सञ्चालन ।
- रक्तचाप, मधुमेह, क्यान्सर, क्षयरोग लगायतको स्क्रिनिङ प्राथमिक तहबाट सुरु ।
- डेंगु, क्षयरोग लगायत सरुवा रोग नियन्त्रणका लागि समुदाय-आधारित रोकथाम र निगरानी प्रणाली लागू ।

**च. स्वास्थ्य बीमा, आपतकालीन सेवा र पुनर्स्थापनात्मक केयर**

- स्वास्थ्य बीमा पहुँच विस्तार र दाबी प्रक्रिया सरलता ।
- आइसियु, रगत आपूर्ति, ट्रमा सेवा र एकीकृत एम्बुलेन्स नेटवर्क स्थापना ।
- फिजियोथेरापी, पुनर्स्थापनात्मक सेवा र वृद्ध नागरिक हेरचाह कार्यक्रम विस्तार ।

२. शिक्षा

**क. विश्वविद्यालय शिक्षा तथा प्राविधिक शिक्षा केन्द्र**

- सुदूरपश्चिममा उच्च शिक्षालाई रोजगार र सीपसँग जोड्ने गरी विश्वविद्यालय, प्राविधिक कलेज र तालिम संस्थालाई एकीकृत शिक्षा-सीप प्रणालीका रूपमा विकास ।
- बीचमै विद्यालय छाडेकाहरुलाई सीपमूलक रोजगार तालिम केन्द्रको स्थापना ।
- स्थानीय भाषा, परम्परागत संस्कृति र प्रविधिलाई आधुनिकीकरणसंग जोडी आयआर्जनको स्रोतका रुपमा विकास ।

- एआई, रोबोटिक्स, डिजिटल एक्सेस, डेटा स्पेसलिस्ट, फिनटेक इन्जिनियरिङ, मेसिन लर्निङ तथा सफ्टवेयर-एप्लिकेसन सम्बन्धी अध्ययन र अध्यापनलाई प्राथमिकतामा राखी विश्वविद्यालयको प्राविधिक पूर्वाधार, पाठ्यक्रम विकास, प्रयोगशाला सुदृढीकरण र दक्ष जनशक्ति उत्पादनका लागि क्षमता अभिवृद्धि ।
- कृषि, वन, स्वास्थ्य र विज्ञान विषयमा नयाँ कार्यक्रम सञ्चालन गरी प्राविधिक विषयमा विद्यार्थी आकर्षण वृद्धि ।सुदूरपश्चिम विश्वविद्यालय र दशरथ चन्द चिकित्सा विश्वविद्यालयमा स्नातकोत्तर, एमफिल तथा पीएचडी तहको अध्ययन/अध्यापनको सुरुवात ।
- स्थानीय उद्योग, कृषि र स्वास्थ्य क्षेत्रलाई विद्यालय तथा विश्वविद्यालयसँग सहकार्य गरी सीप र रोजगार सुनिश्चित गर्ने प्रणाली विकास ।

**ख. विद्यालय शिक्षा गुणस्तर सुधार**

- शिक्षक दरबन्दी पुनःव्यवस्थित गरी दुर्गम विद्यालयमा विषयगत शिक्षक सुनिश्चित ।
- डिजिटल कक्षा, ई-लाइब्रेरी र स्मार्ट सिकाइ सामग्रीमार्फत शिक्षण पद्धतिमा आधुनिकीकरण ।
- विद्यालयमा नियमित सिकाइ मूल्याङ्कन, शिक्षक तालिम र शैक्षिक अनुगमन प्रणालीमा सुदृढिकरण ।
- छात्रवृत्ति, दिवा खाजा र निःशुल्क पाठ्यसामग्री वितरण ।

**ग. ड्रपआउट न्यूनीकरण र सीप-आधारित शिक्षा**

- विद्यालय छाडेका किशोर-किशोरीका लागि सीपमूलक तालिम कार्यक्रम, प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्र स्थापना ।
- वैदेशिक रोजगारी जान चाहने युवालाई प्राविधिक सीप सिकाइका साथै प्रि-डिपार्चर तालिम, भाषा र सुरक्षा शिक्षा उपलब्ध गराइनेछ ।
- शिक्षा, सीप र उद्यमशीलतालाई जोड्दै स्थानीय स्तरमै रोजगारीको सिर्जना गर्नेगरी कार्यक्रम सञ्चालन ।

**३. खेल**

**क. फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम**

- फाप्ला रंगशालालाई सुदूरपश्चिमको गौरवको आयोजनाका रूपमा विकास गर्दै अन्तर्राष्ट्रिय मापदण्डअनुसार बहुउद्देश्यीय खेल स्टेडियम निर्माण ।
- कैलाली-५ को समन्वयकारी भूमिकामा सुदूरपश्चिमका १६ वटै निर्वाचन क्षेत्रका जनप्रतिनिधिको साझा प्रतिबद्धता निर्माण गरी राष्ट्रिय गौरवको आयोजनामा समावेश ।
- धनगढीमा भएका विभिन्न खेल मैदानलाई स्तरोन्नति ।
- क्रिकेटसँगै फुटबल, एथलेटिक्स, पौडी, बास्केटबल, भलिबल, कराँते र तेक्वान्दोका लागि आवश्यक पूर्वाधारहरु (प्रशिक्षण मैदान, इन्डोर हल, खेल विज्ञान केन्द्र) स्थापना ।

**ख. दीर्घकालीन खेल प्रतिभा विकास प्रणाली**

- विद्यालय-स्तरदेखि प्रदेशस्तरसम्म जोडिने 'ट्यालेन्ट आइडेन्टिफिकेसन र डेभलपमेन्ट' कार्यक्रम सञ्चालन ।
- आवासीय खेल एकेडेमी स्थापना गरी प्रशिक्षक, पोषण, फिजियोथेरापी, नियमित स्वास्थ्य परीक्षण र खेल विज्ञानको सुविधा उपलब्ध गराउने ।
- स्थानीय स्तरमै प्रशिक्षक उत्पादन कार्यक्रम सञ्चालन ।
- खेलकुद विकास कोष स्थापना गरी न्यून आय भएका प्रतिभावान खेलाडीलाई छात्रवृत्ति, उपकरण र प्रतियोगिता खर्च उपलब्ध गराउने ।

**ग. समुदाय-आधारित खेल संरचना विस्तार**

- प्रत्येक वडामा कम्तीमा एक मानक निर्माण ।
- वडास्तरमा नियमित खेल प्रतियोगिता, लिग प्रणालीका साथै विद्यालय खेलकुद कार्यक्रम सञ्चालन ।
- महिला, बालिका र समावेशी खेल सहभागिता बढाउन विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन ।
- खेललाई स्वास्थ्य, पर्यटन र युवाको रोजगारीसँग जोड्दै प्रशिक्षक, रेफ्री, व्यवस्थापक र खेलकुद उद्यमशीलता विकास ।

**४. पर्यटन**

**क. धनगढी पर्यटन प्रवर्द्धन**

- धनगढीलाई सुदूरपश्चिम प्रदेशको आधिकारिक पर्यटन प्रवेशद्वारका रूपमा विकास गर्दै पर्यटक सूचना केन्द्र स्थापना ।
- त्रिनगर (गौरीफन्टा) नाकाको स्तरोन्नति गरी मानसरोवरसम्मको सडक सञ्जाल निर्माण ।
- खप्तड, शुक्लाफाँटा, बडिमालिका, अपी-सैपाल तथा मानसरोवरसँग जोडेर पर्यटन क्षेत्रको विकास ।
- धनगढीका प्रमुख धार्मिक स्थलहरू (बेहडाबाबा, शिवपुरीधाम) लगायतलाई एकीकृत धार्मिक पर्यटन मार्गका रूपमा विकास ।
- जाखोरताललाई धनगढीको प्रमुख प्राकृतिक आकर्षणका रूपमा विकास ।
- सडक पहुँच, संकेत बोर्ड, विश्रामस्थल, सरसफाइ, शौचालय र सुरक्षित खानेपानी व्यवस्थापन ।
- स्थानीय युवालाई पर्यटन गाइड, आतिथ्य सेवा, भाषा तथा आकस्मिक उद्धार तालिम प्रदान ।
- स्थानीय कृषि तथा हस्तकला उत्पादनलाई पर्यटन बजारसँग जोडेर "स्थानीय उत्पादन- स्थानीय बजार" कार्यक्रमको सुरुवात ।

**ख. थारु संस्कृति, पर्यटन तथा होमस्टे योजना**

- थारु संस्कृति, परम्परा र जीवनशैलीको संरक्षण र प्रवर्द्धन गर्दै थारु होमस्टे कार्यक्रम विस्तार ।
- परम्परागत थारु गाउँको महत्व कायम राख्न थारु घरको संरक्षण तथा सम्वर्द्धन गर्न विशेष नीति लिइनुका साथै अनुदानको व्यवस्था ।
- थारु समुदायको परम्परागत कला, भेषभूषा, आदिको संरक्षण तथा प्रबर्द्धनका लागि थारु सांस्कृतिक संग्राहलय सञ्चालन ।
- होमस्टे सञ्चालन गर्न इच्छुक परिवारलाई तालिम, प्राविधिक सहयोग, सरसफाइ मापदण्ड र प्रारम्भिक अनुदान प्रदान ।
- थारु नृत्य, खानपान, भेषभूषा, माघी पर्व तथा सामुदायिक जीवनशैलीलाई पर्यटन प्याकेजसँग जोडेर ब्रान्डिङ ।

**५. यातायात र सडक**

**क. धनगढी विमानस्थल स्तरोन्नति**

- मध्यम-ठूला विमान उडानयोग्य हुनेगरी धनगढी विमानस्थलको सुदृढीकरण ।
- पर्यटन र कृषि निर्यातलाई ध्यानमा राख्दै हवाई कार्गो सेवा सञ्चालनका लागि नीतिगत सहकार्य ।

**ख. सुरक्षित र गुणस्तरीय सडक सञ्जाल**

- सवारी दुर्घटनालाई न्युनिकरण गर्न सडक सञ्जाल सुधारका साथै सवारी जाँच र छानविन प्रक्रियाको सुरुवात ।
- प्रमुख मार्ग र सहायक सडकहरूको स्तरोन्नति, कालोपत्रे र नियमित मर्मत प्रणाली लागू ।
- वर्षायाममा क्षति हुने सडकका लागि दीर्घकालीन ड्रेनेज, तटबन्ध र ढल व्यवस्थापन ।
- विभिन्न ठाउँमा अधुरा रहेका पुलहरु पूरा गर्ने तथा आवश्यकता अनुसार नयाँ पुल निर्माण ।
- शहरी क्षेत्रमा सडक बत्ती, फुटपाथ, साइकल लेन र नाली निर्माणका लागि मापदण्ड ।
- दुर्गम टोलसम्म सडक पहुँच पुऱ्याउन स्थानीय सडक सञ्जाल विस्तार गरिनुका साथै नियमित सार्वजनिक यातायात सेवा सञ्चालनका लागि सहुलियत नीति ।
- कृषि उत्पादन ढुवानीका लागि संकलन केन्द्र बनाइ सहुलियत भाडामा बजारसम्म पुऱ्याउने व्यवस्था ।

**६. रोजगारी**

**क. स्थानीय उद्योग तथा उद्यम प्रवर्द्धन**

- कृषि, वन, पर्यटन र सेवा क्षेत्रमा आधारित साना तथा मझौला उद्योग स्थापनालाई प्राथमिकता ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगका लागि सहुलियत ऋण र कर छुटको व्यवस्था ।
- औद्योगिक ग्राम तथा व्यवसाय इन्क्युबेसन केन्द्र स्थापना गरी नयाँ उद्यमीलाई बजारसँग समन्वय, तालिम र परामर्श ।
- महिला तथा युवा लक्षित उद्यमशीलता कार्यक्रम सञ्चालन ।

**७. लागुऔषध नियन्त्रण तथा पुनर्स्थापना**

**क. रोकथाममुखी कार्यक्रम**

- विद्यालय, क्याम्पस र समुदायमा लागुऔषधविरुद्ध सचेतना अभियान र जीवन-सीप शिक्षा कार्यक्रम सञ्चालन ।
- अभिभावक, शिक्षक, युवा क्लब र टोल विकास संस्थालाई समेटेर समुदाय-आधारित निगरानी र सहयोग समूह गठन ।

**ख. उपचार र पुनर्स्थापना सेवा विस्तार**

- धनगढीमा परामर्श, उपचार र पुनर्स्थापना केन्द्र स्थापना तथा सुदृढीकरण ।
- लागुऔषध प्रयोगकर्तालाई अपराधी होइन, बिरामीका रूपमा हेर्ने उपचारमुखी नीति ।
- मनोसामाजिक परामर्श, परिवार परामर्श र सीपमूलक तालिमसँग जोडिएको पुनर्स्थापना कार्यक्रम सञ्चालन ।
- पुनर्स्थापित व्यक्तिलाई रोजगारी तथा स्वरोजगारमा जोड्न विशेष कार्यक्रमका साथै परिवारका अन्य सदस्यहरुका लागि समेत मनोपरामर्श सेवा ।

**ग. नियन्त्रण, समन्वय र सीमाना व्यवस्थापन**

- सीमा क्षेत्र र बजार क्षेत्रमा प्रहरी, स्थानीय तह र समुदायबीच संयुक्त निगरानी प्रणाली ।
- अवैध कारोबार नियन्त्रणका लागि प्रविधि-आधारित निगरानी र सूचना संकलन प्रणाली सुदृढ ।
- प्रदेश, स्थानीय सरकार, सुरक्षा निकाय र स्वास्थ्य संस्थाबीच समन्वय प्रणाली ।

**८. सीमा व्यापार तथा त्रिनगर (गौरीफन्टा) नाका विकास**

क. त्रिनगर (गौरीफन्टा) अन्तर्राष्ट्रिय नाका स्तरोन्नति

- भारत-नेपाल-चीन जोड्ने त्रिदेशिय सडक सञ्जाल विस्तार ।
- प्राकृतिक सन्तुलन कायम राख्दै गौरीफन्टा नाकालाई अन्तर्राष्ट्रिय नाकाका रूपमा विकास ।
- आधुनिक भन्सार भवन, यात्रु सहायता केन्द्र, पार्किङ क्षेत्र, ट्रक टर्मिनल र गोदाम निर्माण ।
- नेपालीहरुमाथि सीमानाकामा हुने लुटपाट र दुर्व्यहार रोक्न छिमेकी देशसँग समन्वय गरी विशेष सुरक्षा प्रणाली ।

**९. निजी क्षेत्र, लगानी तथा उद्यमशीलता बदल्न के गरिनेछ ?**

- कैलाली-५ (धनगढी) लाई सुदूरपश्चिमको औद्योगिक तथा व्यापारिक केन्द्रका रूपमा विकास ।
- व्यवस्थित औद्योगिक क्षेत्र/व्यापारिक करिडोर स्थापना गरी उद्योग स्थापनाका लागि आवश्यक जग्गा, सडक, विद्युत् र पानी सुविधा सुनिश्चित ।
- उद्योग तथा व्यवसाय दर्ता, नवीकरण र कर एकद्वार डिजिटल प्रणालीमार्फत सरल रुपमा भुक्तानी ।
- साना तथा घरेलु उद्योगलाई स्थानीय तहबाटै अनुमति, परामर्श र सहजीकरण सेवा ।
- सार्वजनिक-निजी साझेदारी (पिपिपि) मोडेलमार्फत बजार, पार्किङ, बसपार्क, व्यापारिक कम्प्लेक्स तथा सेवा केन्द्र निर्माण ।
- रोजगारीको सिर्जनाका लागि सार्वजनिक-निजी साझेदारीमा विभिन्न विधाका उद्योग स्थापनाका लागि पहल ।
- उद्योग तथा व्यवसायको सुरक्षा र नीतिगत स्थायित्व सुनिश्चित ।
- कैलाली-५ का युवालाई सहुलियत कर्जा, व्यवसाय तालिम र परामर्श सेवा ।
- सूचना प्रविधि, डिजिटल सेवा, ई-कमर्स, कृषि प्रशोधन, पर्यटन र सेवा उद्योगमा स्टार्टअप कार्यक्रम सञ्चालन ।
- विदेशबाट फर्किएका श्रमिकलाई सीपको आधारमा उद्यम स्थापना गर्न विशेष सहयोग तथा कर छुट प्रदान ।
- स्थानीय उत्पादनलाई ब्रान्डिङ गरी धनगढीभित्र र बाहिर बजार पहुँच विस्तार ।